Vangmaya
Vol. 20, No. 1: 45-54, July 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/ 10.3126/vangmaya.v20i01.68204

# साहित्यविश्लेषणको मनोभाषावैज्ञानिक पद्धति

**डा. प्रेमप्रसाद चौलागाईं**

## लेखसार

*प्रस्तुत लेख मनोभाषाविज्ञानका मान्यताका आधारमा साहित्यविश्लेषणको ढाँचा निर्माणमा केन्द्रित छ र यसमा वर्णनात्मक र व्याख्यात्मक विधिका माध्यमबाट मनोभाषाविज्ञानका मान्यता र सोहीअनुरूपका उदाहरणको समन्वयात्मक अध्ययन गरी प्राप्त भएका तथ्यका आधारमा साहित्यिक पाठको विश्लेषणका लागि आधार तयार पारिएको छ । मनोभाषाविज्ञानका अनुसार भाषाको प्रयोगमा मनको महत्त्वपूर्ण भूमिका हुन्छ । मन प्रकार्यात्मक आन्तरिक इन्द्रिय हो भने यसको भौतिक संरचनाचाहिँ मस्तिष्क हो । भाषालाई सुनाइका माध्यमबाट ग्रहण गर्न, बोध गर्न र उत्पादन गर्न सहयोग गर्ने कार्य मनले गरेको हुन्छ भने भाषा भण्डारण हुने स्थलचाहिँ मस्तिष्क हो । भाषाप्रयोक्ताका उमेर, क्षमता र सामाजिक परिस्थितिअनुसार उसका मनमा विविध भाव/विचार उत्पन्न हुने भएकाले उसले प्रयोग गर्ने भाषिक संरचना पनि सोहीअनुसार भिन्नभिन्न हुने गर्दछ र साथै त्यसरी प्रयोग गरिएको उक्त भाषाबाट श्रोता/पाठकको मन पनि प्रभावित हुन्छ । भाव/विचार साहित्यको सारतत्त्व हो । यही सारतत्त्वलाई नै भाषाले व्यक्त गरेको हुन्छ । यसैले मनोभाषाविज्ञानका आधारबाट भाषाको मात्र नभई साहित्यकै विश्लेषण गर्न सकिन्छ भन्ने स्पष्ट हुन्छ । प्रस्तुत लेखबाट पनि कुनै पनि साहित्यिक पाठ भाषाप्रयोक्ताको उमेर, क्षमता र सामाजिक परिस्थितिअनुसार उसको मनमा उत्पन्न हुने भाव, भावअनुरूपको भाषा र भाषाले पारेको मानसिक प्रभावको शृङ्खलामा विन्यस्त हुने भएकाले उक्त साहित्यिक पाठलाई पनि मनोभाषाविज्ञानले निर्देश गरेअनुसारको सूत्र 'उत्तेजना/विचार→ प्रतिक्रिया/भाषा... उत्तेजना/भाषा→ प्रतिक्रिया/विचार' का माध्यमबाट विश्लेषण गर्न सकिन्छ भन्ने निचोड प्राप्त भएको छ । त्यसैले मनोभाषाविज्ञानका मान्यताका आधारमा तयार पारिएको यो सैद्धान्तिक ढाँचा साहित्यका प्रमुख घटक सारतत्त्व र भाषाको विश्लेषणमा निकै उपयोगी छ भन्ने स्पष्ट भएको छ ।*

**शब्दकुञ्जी :** भाषिक प्रतिक्रिया, मनस्थिति, मनोभाव, मानसिक प्रभाव, स्नायुप्रणाली ।

## १. विषयपरिचय

'मनोभाषाविज्ञान' शब्दले मन, भाषा र विज्ञानका बिचको सम्बन्धलाई सङ्केत गरेको छ । यी तीन शब्दको संयोजनगत सम्बन्धका आधारमा यस शब्दले दिने समग्र अर्थ भनेको मन र भाषाका बिचको सम्बन्धको वैज्ञानिक अध्ययन हो । भाषालाई मनसित सम्बन्धित तत्त्वका रूपमा स्विकारी यसको प्रयोग पक्षको अध्ययन गर्ने भएकाले यसलाई प्रायोगिक भाषाविज्ञानको एक शाखाका रूपमा लिइएको छ । मनोभाषाविज्ञानका अनुसार भाषाप्रयोक्ता (वक्ता/लेखक) को मनस्थितिअनुसार भाषाको प्रयोग हुन्छ र उक्त भाषाले श्रोता/पाठकको मनस्थितिमा प्रभाव पार्छ । मनस्थितिले नै विचारको निर्धारण गर्दछ र सोहीअनुरूप भाषिक संरचनामा पनि भिन्नता हुने गर्दछ। भाषाप्रयोक्ताको मनस्थितिको निर्माणमा चाहिँ उसका उमेर, क्षमता र सामाजिक परिस्थितिले प्रेरक भूमिका निर्वहन गरेका हुन्छन् । यसैले सामान्य मनस्थितिमा

प्रयुक्त भाषा र विशिष्ट मनस्थितिमा प्रयुक्त भाषा संरचनाका दृष्टिले भिन्नभिन्न हुन्छ । मनोभाषाविज्ञानले भाव/विचार र भाषा दुवै पक्षको अध्ययन गर्ने भएकाले यसका आधारमा वाङ्मयका कुनै पनि विधाको विश्लेषण गर्न सकिन्छ भन्ने स्पष्ट हुन्छ । भाव/विचार र भाषा साहित्यका प्रमुख तत्त्व हुन् । भाव/विचारलाई नै सारतत्त्व भनिन्छ । यसैले मानसिक भाव/विचार र भाषाको विश्लेषण गर्ने मनोभााषाविज्ञानलाई साहित्य विश्लेषणको सैद्धान्तिक आधारका रूपमा लिन सकिन्छ । मनोभाषाविज्ञानका आधारमा सामान्य बोलीचालीको भाषाको अध्ययन भए पनि यसका मान्यताको गहन विश्लेषण गरी साहित्यविश्लेषणको सैद्धान्तिक आधार भने तयार पारएको छैन । यसर्थ मनोभाषाविज्ञानका मान्यताका आधारमा साहित्यविश्लेषणको केकस्तो सैद्धान्तिक आधार निर्माण हुन सक्छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा प्रस्तुत लेख केन्द्रित छ ।

## २. अध्ययनविधि

सैद्धान्तिक आधार तयार पार्ने उद्देश्य लिइएको प्रस्तुत अध्ययनमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस क्रममा मनोभाषाविज्ञानसँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरू र उदाहरणका लागि साहित्यिक पुस्तकहरू पुस्तकालय कार्यबाट प्राप्त गरिएको छ । सामग्रीको विश्लेषण गर्दा निरीक्षण, परीक्षण एवम् सामान्यीकरणको वैज्ञानिक विधि अँगालिएको छ । त्यस क्रममा यहाँ मूलतः वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ ।

## ३. मनोभाषाविज्ञानको अर्थ र ऐतिहासिक सन्दर्भ

मनोभाषाविज्ञान मन र भाषाका बिचको सम्बन्धको वैज्ञानिक अध्ययन गर्ने विधा हो । यसैले मनोभाषाविज्ञानले मन र भाषाका बिचको सम्बन्धको वैज्ञानिक अध्ययन गर्दछ। मन मानिसका भावना, विचार, इच्छा आदिको नियन्त्रण र परिचालन गर्ने आन्तरिक इन्द्रिय हो । विचार आदिलाई नियन्त्रित र परिचालित गर्ने भएकाले मन प्रकार्यात्मक अङ्ग हो । यसको भौतिक संरचना चाहिँ मस्तिष्क हो । यसैले विचार, इच्छा आदिको स्रोतका रूपमा रहेको ज्ञान मस्तिष्कमा हुन्छ । यही ज्ञानको अभिव्यक्ति भाषाका माध्यमबाट हुने गर्दछ (Crystal, 2003, p. 380) । यसर्थ भाषा र मनको नजिकको सम्बन्ध छ र यही सम्बन्धको वैज्ञानिक अध्ययन मनोभाषाविज्ञानले गर्दछ भन्ने स्पष्ट हुन्छ ।

मनोभाषाविज्ञानको प्रारम्भ बिसौँ शताब्दीमा भए पनि भाषा र मनको सम्बन्धका बारेमा प्राचीन कालदेखि नै अध्ययन भएको पाइन्छ । पूर्वीय प्राचीन ग्रन्थ *ऋग्वेद* (१०। १९१। २) मा 'तिमीहरू एकअर्काका मनलाई राम्ररी जान ।' भन्दै मनलाई जान्नेबुझ्ने माध्यमका रूपमा भाषालाई लिइएको छ। *ऋग्वेद* (१।१६४।४५) मा मानसिक र भौतिक गरी दुई तहबाट भाषालाई परिभाषित गरिएको छ । ऋग्वेदमा उल्लेख भएका भाषाका परा, पश्यन्ती, मध्यमा र बैखरी गरी चार रूपमध्ये परा, पश्यन्ती र मध्यमाले भाषाको मानसिक वा आन्तरिक पक्षको प्रतिनिधित्व गरेका छन् भने बैखरीले बाह्य वा भौतिक पक्षको प्रतिनिधित्व गरेको छ । यसैले विचारअनुरूप भाषाको प्रयोग हुने भएकाले र विचार मनमा उत्पन्न हुने भएकाले भाषा र मनको सम्बन्ध छ भन्न सकिन्छ । विचारअनुरूप भाषाको प्रयोग हुने भएकाले विचारअनुरूप नै भाषिक संरचनामा विशिष्टता हुन्छ भन्ने कुरा ऋग्वेदको उपर्युक्त विचारबाट स्पष्ट हुन्छ ।

उत्तरवर्ती *ब्राह्मणग्रन्थ* र *उपनिषद्*मा पनि भाषालाई मनसँग सम्बद्ध तत्त्वका रूपमा लिइएको छ । *शतपथ ब्राह्मण* (१।३६) मा मन वा विचारको अभिव्यक्तिका रूपमा वाक् वा भाषालाई लिइएको छ । यसमा मानसिक विचार र वाक्को तुलना गरी विचार व्यापक र वाक् सीमित भएको उल्लेख गरिएको छ । (*ऐतरेयोपनिषद्* १।१ शान्तिपाठ) मा 'बोली मेरो मनमा रहेको छ र मन मेरो बोलीमा रहेको छ' भन्ने कथनका माध्यमबाट वाक् र मनको अन्योन्याश्रित सम्बन्ध रहेको

तथ्य प्रस्तुत गरिएको छ। यिनै वैदिक ग्रन्थबाट प्रेरित भएर उत्तरवर्ती दर्शन र व्याकरणका ग्रन्थमा मन र भाषाको सम्बन्धबारे प्रकाश पारिएको छ । वैयाकरण पाणिनि (*पाणिनीय शिक्षा* ६-९) ले मन र भाषाको सम्बन्धका बारेमा उल्लेख गरेको प्रसङ्ग यसप्रकार छ :

> आत्माले बुद्धिका साथ लागेर केही भन्ने इच्छाले मनलाई प्रेरित गर्दछ अनि मनले शरीरमा रहेको कायाग्नि तेज (ऊर्जा) लाई जगाइदिन्छ। त्यस तेजले श्वासलाई प्रेरित गर्दछ। त्यो श्वास छाती (श्वासनली) बाट माथि उठ्छ र स्वरयन्त्रबाट छिरेर मुखविवर र नासाविवरको संयोग स्थानमा ठोक्किई मुखबाट निस्कँदा त्यसले अनेक प्रकारका वर्णको उच्चारण गर्छ । तिनलाई पाँच किसिम (स्थान, करण, प्रयत्न दीर्घता, तारता) का आधारमा वर्गीकरण गरिन्छ । (*पाणिनीयशिक्षा,* ६-९)


पाणिनिको यस भनाइबाट मनको सहकार्यविना भाषाप्रयोगको सम्भावना नै नरहने भएकाले मन र भाषाका बिचमा नजिकको सम्बन्ध रहेको स्पष्ट हुन्छ । पाणिनिको यस विचारबाट भाव वा विचार मनका उत्पादन नभए पनि यिनलाई नियन्त्रित, व्यवस्थित र अभिव्यक्त गर्ने कार्यमा मनको भूमिका हुने भएकाले मन र भाषाका बिच सम्बन्ध छ भन्ने बुझ्न सकिन्छ ।

वेदान्तदर्शनमा चाहिँ बुद्धि, अहङ्कार र चित्तलाई पनि मनकै प्रकार्यपरक भेद वा नामान्तरका रूपमा लिइएको छ । वेदान्तदर्शनका अनुसार मनको कार्य भनेको 'यो हो कि त्यो हो' भनी संशय गर्नु हो । यसैले मानिस संशयको अवस्थामा छ भने उसभित्र मनले काम गरिरहेको छ भन्ने बुझ्नुपर्छ । मन अत्यन्त चञ्चल हुनुको कारण पनि संशय नै हो । कुनै पनि कुराको निश्चय गर्नुचाहिँ बुद्धिको कार्य भएकाले बुद्धिले काम गर्दाको अवस्थामा मानिसमा संशय नभई निश्चय हुन्छ। यस्तै विषयप्रतिको चिन्तन गर्नु चित्तको कार्य हो। चिन्तन पनि सकारात्मक र नकारात्मक चिन्तन गरी दुई प्रकारका छन्। 'म नै सबथोक हुँ' भनी अभिमान गर्नु अहङ्कारको कार्य हो (गिरि, २०६५-७०, पृ. ५२५०-५५)। यसरी मनले सन्देह, निश्चय, चिन्तन र अभिमान गर्दछ भन्ने स्पष्ट हुन्छ। यी सबै कार्यको अभिव्यक्ति भाषाबाटै हुने भएकाले मनको कार्यअनुरूप भाषिक संरचना पनि भिन्न हुन्छ भन्ने पूर्वीय वाङ्मयको सार हो ।

पाश्चात्य भाषिक चिन्तनको परम्परामा मन र भाषाको सम्बन्धको चर्चा गर्ने पहिलो व्यक्ति ग्रिक दार्शनिक प्लेटो हुन् । उनले आफ्नो संवाद ग्रन्थ *क्रेटिलस*मा भाषा र मनको सम्बन्धका बारेमा चर्चा गरेका छन् । उनले भाषालाई बोलीका रूपमा लिँदै बोल्नुको अर्थलाई विचार व्यक्त गर्नुका रूपमा र विचारलाई मानसिक प्रक्रियाका रूपमा लिएका छन् । एरिस्टोटलले पनि प्लेटोले झैँ भाषामा शब्द र अर्थ वा विचारका बिच प्राकृतिक वा सादृश्य सम्बन्ध रहेको उल्लेख गरेका छन् (Law, 2003, p.17) । आधुनिक भाषाविज्ञानका प्रवर्तक ससुरले पनि भाषालाई सङ्केत व्यवस्था मान्दै यसअन्तर्गत सङ्केतक र सङ्केतित रहेको बताएका छन्। उनले भाषिक रूपलाई सङ्केतक र भाषिक अर्थलाई सङ्केतितको संज्ञा दिई उक्त सङ्केतक र सङ्केतित आन्तरिक वा मानसिक र बाह्य गरी दुई किसिमका भएको उल्लेख गरेका छन् । उनले आन्तरिक तहमा रहेका सङ्केतक र सङ्केतितलाई क्रमशः ध्वनिबिम्ब र विचार तथा बाह्य तहमा रहेका सङ्केतक र सङ्केतितलाई वस्तु र रूपको संज्ञा दिएका छन् (Saussure, 1959, p. 96)। ससुरले उल्लेख गरेको आन्तरिक तह भनेको मन हो । यसरी पाश्चात्य भाषिक चिन्तनको परम्परामा पनि भाषा र मनलाई सम्बन्धित गराइएको पाइन्छ ।

मनोभाषाविज्ञानका अनुसार भाषा र मस्तिष्कका बिच निश्चित सम्बन्ध हुन्छ । भाषाको ज्ञान मस्तिष्कमा रहने र यही ज्ञानका आधारमा मानिस भाषाको आर्जन, प्रयोग र बोध गर्न समर्थ हुने भएकाले भाषा र मस्तिष्कबिच सम्बन्ध रहेको स्पष्ट हुन्छ। मस्तिष्कको कुन क्षेत्रले भाषिक प्रतिनिधित्व गरेको हुन्छ भन्ने बारेमा चाहिँ विभिन्न परीक्षण

हुँदा यसको देब्रे पट्टिको भाग भाषिक उत्पादनको क्षेत्र भएको पुष्टि भइसकेको छ । मस्तिष्कमा रहेको भाषिक उत्पादनको क्षेत्रलाई फ्रेन्च चिकित्सक पियर पल ब्रोकाले पत्ता लगाएकाले उनकै नामबाट यस क्षेत्रलाई ब्रोका क्षेत्र भनिएको हो । ब्रोकाका अनुसार मानवमस्तिष्कको देब्रे कानमाथिको भाग भाषिक क्षेत्र हो (Bogen, 1976, p.835) । ब्रोकाले यस क्षेत्रको पहिचान सन् १८६१ मा मस्तिष्काघात भएका रोगीको उपचारका क्रममा गरेका हुन् । उनले आफूकहाँ परीक्षण गराउन आएका एक जना रोगीको मस्तिष्कको बायाँ भागमा क्षति हुँदा बोली बन्द भएको पत्ता लगाएपछि सन् १८७५ मा जर्मन चिकित्सक कार्ल बर्निकले पनि मस्तिष्कको बायाँ गोलार्धमा क्षति हुँदा मानिस भाषा बुझ्न असमर्थ भएकाले मस्तिष्कको बायाँ भाग भाषिक क्षेत्र भएको पुष्टि गरे (Bogen, 1976, p.836) । उनले पहिचान गरेको क्षेत्रलाई बर्निक क्षेत्र भनियो । यो भाषिक बोधको सामर्थ्य भएको क्षेत्र हो र यही क्षेत्रमा रहेको स्नायुप्रणालीबाट नै मानिस भाषा जान्ने, सम्झने, बुझ्ने, विश्लेषण गर्ने, मूल्याङ्कन गर्ने र सृजना गर्ने कार्य गर्दछ । ब्रोकाले र बर्निकले पत्ता लगाएको भाषिक क्षेत्रलाई तल दिइएको मस्तिष्कको चित्रबाट स्पष्ट पार्न सकिन्छ :



ब्रोका क्षेत्र बर्निक क्षेत्र

ब्रोका क्षेत्र र बर्निक क्षेत्रको सम्बन्ध रहेको कुरा माथिका वक्राकार रेखाले सङ्केत गरेका छन् । मस्तिष्कका बायाँ भागमा अन्य स्नायुप्रणालीले यी दुई क्षेत्रसँग सम्बद्ध स्नायुप्रणालीलाई सहयोग गर्ने भएकाले मस्तिष्कको समग्र बायाँ भाग नै भाषिक उत्पादन र बोधको क्षेत्र हो भन्ने स्पष्ट हुन्छ । चम्स्कीले यही क्षेत्रमा रहेको भाषिक ज्ञानलाई सामर्थ्य भनेका छन् । उनका अनुसार प्रत्येक बालकका मस्तिष्कमा जन्मजात रूपमा रहेको भाषिक सामर्थ्यकै कारण भाषा सिक्न र प्रयोग गर्न समर्थ हुन्छ । यसर्थ भाषाको आर्जन, भण्डारण र प्रयोगको सामर्थ्य मस्तिष्कमै हुने भएकाले भाषा र मस्तिष्कबिच निश्चित सम्बन्ध छ भन्ने स्पष्ट हुन्छ ।

भाषाको ग्रहण र उत्पादनमा मस्तिष्कमा रहेका स्नायुप्रणालीको महत्त्वपूर्ण भूमिका हुन्छ । भाषाको ग्रहण र उत्पादन मानसिक प्रक्रिया हो । यस प्रक्रियाभित्र मानसिक गतिविधिहरूको सक्रिय संलग्नताको आवश्यकता रहन्छ (Bogen, 1976, p. 836) । भाषाको ग्रहण र उत्पादनका लागि केवल सबलीकरण र आदतको निर्माण मात्र होइन, यसभित्र चिन्तन, स्मृति, ग्रहण, सामान्यीकरण, पहिचान, विभेदीकरण आदि क्षमता आवश्यक हुन्छन् । यस्ता क्षमताको प्राप्तिका लागि मस्तिष्कको भूमिका विशेष उल्लेख्य हुन्छ । अझ व्याकरणका नियम ग्रहण गर्ने साहित्यिक भाषा प्रयोग गर्ने कार्यमा मानसिक विकासको अहम् भूमिका रहन्छ । यसरी उपर्युक्त ऐतिहासिक सन्दर्भबाट मन र भाषाबिच अत्यन्त नजिकको सम्बन्ध रहेको स्पष्ट भएको छ ।

## ४. मनोभाषाविज्ञान : साहित्यविश्लेषणको आधार

भाषिक चिन्तनका क्रममा भाषा र मनको सम्बन्धका बारेमा चर्चा पूर्व र पश्चिम दुवै क्षेत्रमा प्राचीन कालदेखि नै भए पनि मनोविज्ञानका माध्यमबाट भाषा र मनको सम्बन्धको चर्चा गर्ने पहिलो व्यक्तिचाहिँ ज्याकोब रोबर्ट कान्टोरसन हुन् । उनले सन् १९३६ मा प्रकाशित *एन अब्जेक्टिभ साइकोलोजी अफ ग्रामर* नामक पुस्तकमा मनोभाषाविज्ञान शब्दको प्रयोग गरेका हुन् । उनका विद्यार्थी निकोलस प्रोन्कोले 'साइकोलिङ्ग्विस्टिक्स : अ

रिभ्यू’ नामक लेखमा यसको विस्तृत व्याख्या गरेपछि यसको व्यापक रूपमा प्रयोग हुन थालेको पाइन्छ (Nordquist, 2019, p.1) । मनोभाषाविज्ञानले मुख्यतः भाषा र मनको सम्बन्धको अध्ययन गर्दछ । हुन त कृतिमा प्रयुक्त भाषिक संरचनाका आधारमा मन (मानसिक भाव वा विचार) को अध्ययन-विश्लेषण गर्नका लागि मनोविज्ञानको विकास भएको छ तर मनोविज्ञानले कस्तो विचार वा भावका लागि कस्तो भाषिक संरचनाको प्रयोग हुन्छ भन्ने विषयको विशिष्टीकृत व्याख्या गरेको छैन । यस्तै मनोविज्ञानले मनलाई चेतन, अर्धचेतन र अचेतन गरी तीन तहमा वर्गीकरण गरी मनको विश्लेषण गर्दछ भने मनोभाषाविज्ञानले चाहिँ मनलाई एउटै तहमा राखेर विश्लेषण गर्दछ । यसर्थ मनोभाषाविज्ञानका अनुसार मानसिक भाव वा विचार एउटा तह हो भने त्यसको अभिव्यक्ति वा भाषा अर्को तह हो ।

मनोभाषाविज्ञानका अनुसार वक्ता वा लेखकले मानसिक भाव वा विचारकै प्रतिनिधित्व गर्ने भाषिक रूपको चयन गर्दछ र श्रोताले उक्त भाषिक रूपको बोधपछि भाव वा विचारको बोध गर्दछ । यसलाई स्पेर्बर र विल्सनले उल्लेख गरेअनुसार निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :




(Sperber, Dan and Wilson Deirdre, 1986, p.4)

प्रस्तुत आरेखअनुसार प्रेषकले निश्चित परिस्थितिका कारण आफ्ना मनमा उत्पन्न भाव वा विचार वा सन्देशलाई सङ्केतन गरी वा भाषिक रूप दिई हावा, टेलिफोन आदि निश्चित माध्यमको उपयोग गरेर प्रापकलाई दिन्छ । प्रापकको मनले उक्त सन्देशलाई विसङ्केतन गरी ग्रहण गर्दछ । सन्देश (भाव वा विचार), सङ्केतन र विसङ्केतन मानसिक प्रक्रिया भएकाले यिनको सम्बन्ध मस्तिष्कसँग हुन्छ । मनोभाषाविज्ञानका अनुसार भाव वा विचारलाई सङ्केत गर्ने कोड मानसिक बिम्ब हो । यस्तो मानसिक बिम्ब खास सङ्केत प्रणालीद्वारा सूचना प्रवाह गर्न प्रयोग गरिन्छ । कोडको अभिव्यक्ति मौखिक वा लिखित हुन्छ र यो भाषाविशेषअनुसार फरकफरक हुन्छ । अभिव्यक्तिको ग्रहणप्रक्रिया विसङ्केतन हो । यसर्थ भाषा अन्तर्मनको यात्रा हो । ब्लुमफिल्ड (सन् १९३३) ले चाहिँ यस प्रक्रियालाई उत्तेजना-प्रतिक्रियाका आधारमा व्याख्या गरेका छन् । उनका अनुसार भाषा उत्तेजनाको मौखिक प्रतिक्रिया हो र यो पाठकमा पर्ने प्रभावका लागि उद्दीपक पनि हो । यसर्थ भाषाले प्रतिक्रिया र उद्दीपक दुवैको काम गर्छ । पाइकले चाहिँ भाषालाई व्यवहारको एक एकाइका रूपमा लिई मानवीय व्यवहारका अनेक संरचना भएझैँ उक्त व्यहारअनुरूप भाषाका पनि अनेक संरचना हुने बताएका छन् । उनले भाषिक प्रयोगमा व्यवहार वा सन्दर्भले प्रभाव पार्ने उल्लेख गरेका छन् (Pike, 1967, p.26) । जिन पियाजेले भाषा क्रमशः आर्जन गरिँदै जाने भएकाले बालकले प्रयोग गर्ने भाषा र युवा एवम् वयस्कले प्रयोग गर्ने भाषामा भिन्नता हुने बताएका छन् (Piaget, 1964, p.177-83) । पियाजेले उमेरअनुसार मन र त्यसअनुसार भाषा भिन्न हुने प्रक्रियालाई संवेदना गत्यात्मक चरण, पूर्वकार्यात्मक चरण, ठोस कार्यात्मक चरण र औपचारिक कार्यात्मक चरण गरी चार चरणमा राखेर विश्लेषण गरेका छन् :

## ४.१ पहिलो चरण : संवेदना गत्यात्मक चरण

पहिलो चरण जन्मदेखि दुई वर्षसम्मको समय हो । यस चरणमा शिशुले भौतिक संवेदना र आफ्नो शरीरलाई समन्वय गर्नमा ध्यान केन्द्रित गर्दछ । यस चरणका शिशुले आफ्ना इन्द्रिय र तिनका कार्यमार्फत संसारको बारेमा जान्दछन् अर्थात् वरिपरि घुम्ने र आफू रहेको वातावरण अन्वेषण गर्ने कार्य गर्दछन् । शिशुको संज्ञानात्मक क्षमताको विकास भएपछि उसले आफूबाट

अन्य व्यक्ति र वस्तु भिन्न छन् भन्ने कुराको बोध गर्दछन् । शिशुले यस समयमा वास्तविक्ताको कल्पना आआफ्नै तरिकाले गर्दछन् । शिशुले वातावरणलाई बुझ्ने र विभिन्न प्रतिक्रिया देखाउने गर्दछन् र उनीहरू ज्ञानेन्द्रियले थाहा पाउने कुराप्रति आकर्षित हुन्छन् (Piaget, 1964, p.177-83) । यसैले यो चरण मनको अपरिपक्व अवस्था भएकाले शिशुले भाषाका आधारभूत वाक्यको मात्र प्रयोग गर्न सक्छ भन्ने स्पष्ट हुन्छ ।

## ४.२ दोस्रो चरण : पूर्वकार्यात्मक चरण

दोस्रो चरण दुईदेखि छ वर्षसम्मको समय हो र यस चरणको सुरुमा शिशुहरू कार्य गर्दैनन् । त्यसैले उनीहरूको सोचाइ तर्कभन्दा वस्तुहरू प्रकट हुने तरिकाबाट प्रभावित हुन्छ । यस चरणका शिशुहरूमा भाषिक क्षमता, मानसिक आकृति निर्माण, अनुकरणको आन्तरिकीकरणजस्ता विकासहरू देखिन्छन् । शिशुहरू यस तहमा क्रियाकलापबाट बोधतिर लाग्दछन् । एउटै वर्गका धेरै रूप पहिचान गर्न असमर्थ हुन्छन् । नकारात्मक भन्दा सकारात्मक धारणालाई छिट्टै आत्मसात् गर्दछन् । ‘कलम राख’ र ‘कलम नफाल’ यी दुवैको अर्थ एउटै भए पनि ‘कलम राख’ लाई छिट्टै बुझेर आत्मसात् गर्दछन् । आन्तरिक ज्ञानका आधारमा वस्तुको नाम भन्न सक्छन् र अभिव्यक्ति दिन पनि सक्छन् । शाब्दिक क्षमता प्राप्त गर्नु यस चरणको उपलब्धि हो । यस तहको अन्त्यसम्ममा आत्मकेन्द्री प्रवृत्तिको अन्त्य हुन्छ (Piaget, 1964, P.177-83) । यसरी यस चरणका शिशुहरू पनि भाषाको तार्किक प्रयोग नभई समान्य प्रयोगमै सीमित हुन्छन् भन्ने स्पष्ट हुन्छ ।

## ४.३ तेस्रो चरण : ठोस कार्यात्मक चरण

तेस्रो चरण सात वर्षदेखि एघार वर्षसम्मको समय हो । यस चरणमा केटाकेटीहरू ठोस वस्तु र घटनाका बारेमा तार्किक रूपमा सोच्न थाल्छन् । यस चरणका केटाकेटीहरू विभिन्न कुरा सिक्न र तिनको सिकाइका नियमहरू बनाउन सक्छन् । विभिन्न वस्तु र घटनाका बारेमा तार्किक रूपमा बुझ्न सक्दछन् । विभिन्न वस्तु र घटनासम्बन्धी विचारलाई निश्चित क्रममा मिलाउन सक्छन् र तिनका विशेषताका आधारमा तिनीहरूलाई वर्गीकरण गर्न सक्षम हुन्छन् । केटाकेटीहरूमा आपसी सहयोग र प्रतिस्पर्धाको भावना पैदा हुन्छ । उनीहरू तर्क दिन सक्छन् र सामाजिक व्यवहारतर्फ आकर्षित हुनछन् । यस चरणका केटाकेटीले प्रयोग गर्ने भाषाको उदाहरण यसप्रकार छ :

> शङ्कर, तिमी क्या अहिले केटाकेटी नै छौ । (१), पछि ठुलो भएपछि तिमी र म घोडामा चढेर बादलमाथि जाऔँला । (२), मलाई घोडा कल्ले किनिदिन्छ र ? (३), म ल्याइहाल्छु नि ! (४), मेरा बाबासँग धेरै पैसा छ । (५), तिम्रो बाबा पो गरिब त । (६), म मेरो बाबालाई भनेर घोडा किन्न लाउँछु । (७), अनि भैगो नि । (८), नाइँ, तिमीले किनेको घोडा लिन्नँ । (९), किन ? मधुकरलाई मालती दिएको हो र ? (१०), उसले आफैँ ल्याएको । (११), म पनि ठुलो भएपछि आफै खोजेर ल्याउँछु । (१२), कहाँबाट नि ? (१३), उः त्यो बादलमाथिको सहरबाट । (१४), कसरी जान्छौ नि त्यतिमाथि ? (१५), उः त्यो डाँडामा जान्छु । (१६), आकाश हातैले भेटिइहाल्छ नि ! (१७) (विकल, २०६७, पृ. ३२)

प्रस्तुत अंश सातवर्षे बालक शङ्कर र उसकी साथी गौरीका बिचको संवाद हो । बालक शङ्कर र उसकी साथी गौरीको उमेर, क्षमता र सामाजिक परिस्थितिअनुसार उनीहरूका मनमा विविध भाव वा विचार उत्पन्न भएका छन् । शङ्करले गौरीलाई आफ्नी आमाले लोककथामा सुनाएअनुसार मधुकर र मालतीले चढेको वायुपङ्खी घोडाको वृत्तान्त सुनाइसकेपछि उसले आफूलाई पनि मधुकरले जस्तै गौरीलाई वायुपङ्खी घोडामा चढाउने इच्छा व्यक्त गर्दा र गौरीले उसलाई सम्झाउँदा माथिको उद्धरणका वाक्य (१) र (२) तथा, शङ्करले आफ्ना अभिभावकसँग घोडा किन्ने सामर्थ्य नभएको अनुभूति व्यक्त गर्दा वाक्य (३), शङ्करले घोडा किनिदिने क्षमता

भएको मानिस आफूसँग कोही नभएकाले मलिन अनुहार बनाउँदा गौरीले उनलाई आफूले अभिभावकलाई भनेर किन्न लगाइदिनेमा आश्वस्त बनाउने सन्दर्भमा वाक्य (४–७), शङ्करले घोडा आफ्नै पुरुषार्थले किन्नुपर्छ भन्ने निश्चय व्यक्त गर्दा वाक्य (८), यसमा गौरीले प्रश्न गर्दा वाक्य (९), शङ्करले मधुकरले आफ्नै मिहिनेतले घोडा ल्याएको बताउँदा (१०-१२), गौरीले कहाँबाट भनी जिज्ञासा राख्दा वाक्य (१३), शङ्करले घोडा ल्याउने ठाउँको बारेमा बताउँदा वाक्य (१४), पुनः गौरीले कसरी भन्ने जिज्ञासा राख्दा वाक्य (१५) र घोडा ल्याउने उपाय प्रस्तुत गर्ने सन्दर्भमा वाक्य (१६-१७) आएका छन् । यस संवादात्मक अंशबाट बालबालिका कति निःस्वार्थ प्रेम गर्दछन् भन्ने भाव व्यक्त भएको छ । उपर्युक्त संवाद अंशमा पूर्ववर्ती वाक्यले पारेको मानसिक प्रभावपछि उत्तरवर्ती वाक्यको प्रयोग भएको छ । यस संवाद अंशमा आएका वाक्यमध्ये एघारओटा निश्चयार्थक (१, ४-८, ११-१२, १४, १६-१७), एउटा सम्भावनार्थक (२) र पाँचओटा प्रश्नार्थक (३, ९-१०, १३, १५) वाक्य छन् । यस अंशमा प्रयोग भएका 'क्या', 'नि', 'त' जस्ता निपात, कल्ले (कथ्यप्रयोग), नाइँ (असहमतिबोधक), 'उः' (वस्तुनिर्धारक) जस्ता पदहरूको प्रयोग भएको छ । यी पदले बालबालिकाका मनमा उत्पन्न भएका जिज्ञासा, निश्चय, जोड, असहमतिजस्ता भावलाई सङ्केत गरेका छन् । यसर्थ माथिको उद्धरण बालबालिकाको मनस्थिति अभिव्यक्त गर्न सफल छ भन्ने स्पष्ट हुन्छ । यस अंशका पूर्ववर्ती वाक्यले पारेको मानसिक प्रभावका कारण उत्तरवर्ती वाक्यको प्रयोग भएको छ । यसर्थ बालबालिकाको भाषामा कथ्य रूपको बढी प्रयोग हुन्छ भन्ने स्पष्ट भएको छ ।

### ४.४ चौथो चरण : औपचारिक कार्यात्मक चरण

चौथो चरण बाह्रदेखि पन्ध्र वर्षसम्मको समय हो र यस अवधिलाई किशोरावस्था भनिन्छ । यस चरणमा प्रवेश गरेपछि किशोरकिशोरीहरू अमूर्त रूपमा सोच्न सक्दछन् । थप परिष्कृत शैलीमा वस्तुहरूको संयोजन, वर्गीकरण र तिनीहरूका बारेमा उच्च तहको तर्क गर्ने क्षमता राख्दछन् । यस चरणका किशोरकिशोरीमा उद्देश्यमूलक सोचाइको विकास हुन थाल्छ । किशोरकिशोरीहरू कुनै पनि कुराको स्वीकार वा निषेध गर्नसक्ने हुन्छन् । आफ्नो चिन्तनलाई तुलना, सामान्यीकरण र विभेदीकरण गर्न सक्छन् । तार्किक अनुमान गर्नु, वास्तविक्ताभन्दा भिन्न परिकल्पना गर्नु, अमूर्त अवधारणा राख्नु यस चरणको वैशिष्ट्य हो ।

समग्रमा भन्दा पियाजेले भाषिक विकासले बुद्धिको विकास हुन मद्दत पुऱ्याउँछ तर भाषा नै बुद्धि विकासको कारक भने होइन भन्ने मान्यता राखेका छन् । उनका अनुसार बालकको जन्मजात क्षमता र उसले पाएको वातावरणको अन्तर्क्रियाबाट बालकमा बुद्धिको विकास भई भाषा विकास हुन्छ । तसर्थ बुद्धिविकास भाषा विकासको कारक हो । यस्तै संज्ञानात्मक विकास मानव संरचनाको केन्द्र हो र भाषा संज्ञानात्मक श्रेष्ठतामै विकसित हुन्छ । भाषाप्राप्तिमा संज्ञानात्मक विकास र सामाजिक वातावरण आवश्यक हुन्छ । यसमाथिको अवस्थामा बुद्धिको पर्याप्त विकास भइसकेको हुन्छ । यसपछि साहित्यिक वा आलङ्कारिक भाषाको प्रयोग गर्ने क्षमता बढ्छ । वयस्क व्यक्तिले प्रयोग गरेको साहित्यिक भाषाको उदाहरण यसप्रकार छ :

> यो सबै सङ्गत गुनाको फल । (१), ठुलाबडाको सङ्गतको विष त महामारी फैलेझैँ पो फैलिन्छ त । (२), यसले हामी जस्ताको त प्राणै चुस्छ । (३), त्यो घरको हावाबाट जति सक्यो परै राख भन्यो, मान्दिनौ तिमी । (४), यसै गरी आज घोडा र भोलि मोटरको फर्मायस हुन थाल्यो भने ? (५) (विकल, २०६७, पृ. ३२)

गौरीकी आमाले शङ्करले माग गरेका विभिन्न वस्तुका बारेमा सुनाएपछि शङ्करका बुवाले आफ्नो मनका पीडा व्यक्त गर्दाको सन्दर्भमा माथिको उद्धरण प्रस्तुत भएको हो । पाँचओटा वाक्य रहेको यस प्रयोगमा चारओटा वाक्य निश्चयार्थक र एउटा सङ्केतार्थक संरचनामा छन् । यो अंश वर्गभेदको पीडाबाट पीडितको भनाइ हो । 'ठुलाबडाको सङ्गतको विष त महामारी

फैलेझैँ पो फैलिन्छ त । यसले हामीजस्ताको त प्राणै चुस्छ ।' बाट आर्थिक अभावजन्य पीडा अभिव्यक्त भएको छ । गरिब परिवारमा जन्मेका बालबालिकाहरू एकातिर धनी परिवारका व्यक्तिबाट गरिने दुर्व्यवहार र अर्कातिर आफ्नै अभिभावकले उनीहरूका इच्छा पूरा गर्न नसक्दा हुने पीडा भोग्न बाध्य हुन्छन् भने अभिभावक पनि पीडित हुन्छन् भन्ने भाव यस अंशबाट व्यक्त भएको छ । यो यस अंशबाट परेको मानसिक प्रभाव हो । यसरी उमेर, क्षमता र सामाजिक परिस्थितिअनुसार उसको मनमा उत्पन्न हुने भाव, भावअनुरूपको भाषा र भाषाले पारेको मानसिक प्रभावको शृङ्खलामा माथिको उद्धरण विन्यस्त छ भन्ने स्पष्ट हुन्छ ।

मनोभाषाविज्ञानका अनुसार भाषा अन्तर्मनका भाव वा विचार मानवीय ध्वनिअवयवद्वारा उच्चरित भएर पुनः उक्त भाव/विचारलाई सङ्केत गर्ने भएकाले यसलाई वाक्प्रतीकको व्यवस्था पनि भनिन्छ । वाक्प्रतीक यादृच्छिक हुने भएकाले विचार वा भावलाई सङ्केत गर्ने प्रतीकहरू भाषाविशेषमा फरक फरक हुन्छन् । नेपालीमा विस्मयादि भाव सङ्केत गर्ने शब्द ओहो, आम्मै छन् भने अङ्ग्रेजीमा ouch, alas छन् । नेपालीमा जोड दिनका लागि निपातको पनि प्रयोग हुन्छ तर अङ्ग्रेजीमा जोड दिनका लागि वाक्यका घटकलाई सञ्चलित गरेर वाक्यको अग्रस्थानमा ल्याउनुपर्ने हुन्छ, जस्तै :

I drink a cup of tea every morning → **Every morning** I drink a cup of tea. (१)

म बिहान चिया पिउँछु । → म बिहान त चिया पिउँछु । (२)

वक्ताले वाक्यमा जुन अर्थ (वस्तु वा व्यक्ति भाव घटना वा अवस्था) माथि वक्ताले विशेष जोड दिन चाहेको छ त्यसलाई सङ्केत गर्ने पद, पदावली वाक्यको अग्रस्थानमा ल्याउने प्रक्रिया जोड हो । माथि वाक्य (१) मा अङ्ग्रेजीमा जोड दिनका *एभ्री मर्निङ* पदको सञ्चलन भएको छ तर नेपालीमा चाहिँ निपातको प्रयोगबाट पदले दिने अर्थमा जोड दिइएको छ । नेपालीमा पनि पदको अर्थमा जोड दिनका लागि निपातको प्रयोग नगरी सञ्चलन मात्र पनि गर्न सकिन्छ । यसरी सञ्चलन गर्दा माथिको वाक्य २. 'बिहान म चिया पिउँछु' बन्दछ । अङ्ग्रेजीमा निपातको प्रयोग नै नहुने भएकाले जोड दिनका लागि सञ्चलन नै गर्नुपरेको हो तर नेपालीमा भने दुवै विकल्प उपलब्ध छन् । यस्तै भाव वा अर्थको अभिव्यक्ति गर्ने वाक्यात्मक संरचना पनि भाषाविशेषमा फरकफरक हुन सक्छन् । नेपालीमा निश्चयार्थक, आज्ञार्थक, सम्भावनार्थक, इच्छार्थक, प्रश्नार्थक र सङ्केतार्थक वाक्य छन् र अङ्ग्रेजीमा पनि यी वाक्य छन् तर संरचना भने केही भिन्न छ । यसर्थ मनका भाव वा विचारलाई जनाउने संरचकहरू भाषाविशेषमा फरकफरक हुन्छन् भन्ने स्पष्ट हुन्छ ।

मनोभाषाविज्ञानका उपर्युक्त मान्यताअनुसार कुनै पनि पाठमा प्रयुक्त भाव वा विचार र भाषाको विश्लेषण ढाँचालाई निम्नलिखित सूत्रबाट प्रस्तुत गर्न सकिन्छ :

उत्तेजना/विचार→प्रतिक्रिया/भाषा .....उत्तेजना/भाषा → प्रतिक्रिया/विचार

उपर्युक्त सूत्रअनुसार सर्वप्रथम भाषाप्रयोक्ताको मनमा उसको उमेर, क्षमता र सामाजिक परिस्थितिअनुसार उत्तेजना वा विचार उत्पन्न हुन्छ र सोही विचारअनुरूप भाषिक प्रतिक्रिया व्यक्त हुन्छ । पुनः सोही भाषिक प्रतिक्रिया उत्तेजनाका रूपमा परिणत भई श्रोता वा पाठकमा श्रोताको मनलाई प्रभावित बनाउँदछ । यस प्रक्रियालाई निम्नलिखित उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :

महतो काका, तपाईं छँदै अब गाउँ छोड्नुपर्‍यो । (१), बसिसक्नुभएन । (२), काका, अब खपिसक्नुभएन ? (३) । (भिक्षु, २०६७, पृ. १४१)

गाउँको एक सामान्य व्यक्ति अलगुवाकी बुहारी सोनवा आफ्ना पतिको दिनदिनैको कुटाइ सहन नसकी गाउँकै धनी र प्रतिष्ठित व्यक्ति मनोहर महतोकहाँ शरण लिन गएपछि अलगुवाले आफ्नो दुःखेसो घुरहुसमक्ष पोखेको सन्दर्भमा माथिको उद्धरण प्रस्तुत भएको हो । यहाँ अलगुवाकी

लक्ष्मीजस्ती बुहारी आफ्नो घर छाडेर मनोहरकहाँ जानु सामाजिक सन्दर्भ उद्दीपक हो। यो समाज भनेको नेपालको मध्यपश्चिमी तराई क्षेत्रमा पर्ने गोटीहवा गाउँको समाज हो । यस गाउँका मानिसहरू कृषिकर्ममा संलग्न छन् भन्ने कुरा घुरहु महतो आफ्नो बाली हेरेर आएको बेला अलगुवाले खुट्टामा छाँद हाली रुँदै आफ्नो समस्या प्रस्तुत गरेको घटनाबाट कथावस्तु अघि बढेकाले स्पष्ट हुन्छ । कुनै पनि समाजका आफ्नै पेसा, रहनसहन र रीतिरिवाज हुन्छन् र तिनको समुचित पालना नहुँदा उक्त समाजका व्यक्तिका मनमा पीडा हुन्छ भन्ने मनोवैज्ञानिक यथार्थ हो । कुनै पनि घरकी बुहारी आफ्नो घर छाडेर अर्काको घरमा बस्न जानु भनेको यस समाजको चालचलनविरुद्ध घटना हो । यसबाट अलगुवाको मन प्रताडित भएको छ । कुनै पनि समस्या पर्दा त्यसको समाधान खोज्नु पनि मनोवैज्ञानिक यथार्थ हो । यहाँ अलगुवाले घुरहुलाई सम्बोधन गर्दै उनी हुँदाहुँदै पनि गाउँमा समस्या परेर बसिनसक्नु भएको जानकारी गराएका छन् । यहाँ बुहारी घर छोडेर गएकाले अलगुवामा मानसिक वेदना वा पीडा छ भने समस्या समाधान गर्न सधैँ अग्रसर बन्ने घुरहुप्रति उनको आदर र श्रद्धाभाव छ । यस्तै आफूलाई परेको समस्या घुरहुले समाधान गरिदिने विश्वास पनि उनमा छ। यसरी एउटै व्यक्तिको मनमा परिस्थितिविशेषका कारण पीडा, आदर, श्रद्धा र विश्वासभाव छन् । यी भावको अभिव्यक्तिका लागि कथामा निपात (छँदा+नै/ऐ= छँदै), विशिष्ट पदपदावली (गाउँ छोड्नुपर्‍यो, बसिसक्नु भएन र खपिसक्नु भएन) का साथै निश्चयार्थक (तीन ओटै) वाक्यको प्रयोग भएको छ। यहाँ अलगुवाले 'महतो काका' लाई दुई पटक सम्बोधन गरेबाट अलगुवाले घुरहुलाई नै आफ्नो समस्याको समाधान कर्ताका रूपमा लिएका छन्। अलगुवाको यो भनाइ सुनिसकेपछि घुरहु अलगुवाको समस्या कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा चिन्तित भएका छन् । उनलाई खान रुच्न छाडेको छ, महतिनीले अरूको समस्या लिने होइन भन्दा पनि उनको मन कत्ति पनि विचलित भएको छैन। यो उपर्युक्त भाषाप्रयोगबाट घुरहुमा परेको मानसिक प्रभाव हो। यसरी कुनै पनि कृतिको समग्र पाठ उत्तेजना वा विचार→ प्रतिक्रिया/भाषा... उत्तेजना/भाषा प्रतिक्रिया/विचार शृङ्खलामा विन्यस्त हुने भएकाले यस ढाँचाअनुसार कुनै पनि साहित्यिक पाठको विश्लेषण गर्न सकिन्छ भन्ने स्पष्ट हुन्छ।

## ५. निष्कर्ष

मनोभाषाविज्ञानको प्रारम्भ बीसौँ शताब्दीमा भए पनि भाषा र मनको सम्बन्धका बारेमा प्राचीन कालदेखि नै अध्ययन भएको पाइन्छ। पूर्वीय प्राचीन ग्रन्थ वेद, ब्राह्मण, व्याकरण र दर्शनमा भाषा र मनका बिचको सम्बन्धको बारेमा चर्चा गरिएको छ। *ऋग्वेद*मा उल्लेख भएका भाषाका परा, पश्यन्ती, मध्यमा र बैखरी गरी चार रूपमध्ये परा, पश्यन्ती र मध्यमाले भाषाको आन्तरिक पक्ष (मानसिक भाव वा विचार) को प्रतिनिधित्व गरेका छन् भने बैखरीले बाह्य वा भौतिक पक्ष (बोली वा लेखाइ) को प्रतिनिधित्व गरेको छ । यसरी विचारअनुरूप भाषाको प्रयोग हुने भएकाले विचारअनुरूप नै भाषिक संरचनामा विशिष्टता हुन्छ भन्ने कुरा ऋग्वेदको उपर्युक्त विचारबाट स्पष्ट हुन्छ। उत्तरवर्ती *ब्राह्मणग्रन्थ* र *उपनिषद्*मा पनि ऋग्वेदकै मान्यताको अनुसरण गरी मानसिक भाव वा विचार र भाषाका बिचको सम्बन्धको निरूपण गरिएको छ।

पाश्चात्य भाषिक चिन्तनको परम्परामा ग्रिक दार्शनिक प्लेटो, एरिस्टोटल, आधुनिक भाषाविज्ञानका प्रवर्तक ससुर, मनोचिकित्सक पियर पल ब्रोका र कार्ल बर्निकले मानसिक भाव वा विचार, भाषाको सम्बन्धका बारेमा चर्चा गरे पनि मनोविज्ञानका माध्यमबाट यी दुईका बिचको सम्बन्धको चर्चा गर्ने पहिलो व्यक्तिचाहिँ ज्याकोब रोबर्ट कान्टोरसन हुन् । उनले सन् १९३६ मा प्रकाशित एन अब्जेक्टिभ साइकोलोजी अफ ग्रामर नामक पुस्तकमा मनोभाषाविज्ञान शब्दको प्रयोग गरेका हुन् । यसपछि निकोलस प्रोन्को, पाइक, स्पेर्बर, विल्सन, ब्लुमफिल्ड र पियाजेले मनोभाषाविज्ञानको सैद्धान्तिक आधारको व्याख्या गरेका छन्। मनोभाषाविज्ञानका अनुसार वक्ता वा लेखकले मानसिक भाव वा विचारकै प्रतिनिधित्व गर्ने भाषिक रूपको

चयन गर्दछ र श्रोताले उक्त भाषिक रूपको बोधपछि उक्त भाव वा विचारको बोध गर्दछ । यसैले मानसिक भाव वा विचार, भाषा र यी दुईका बिचको सम्बन्धको वैज्ञानिक अध्ययन गर्नु मनोभाषाविज्ञानको मुख्य कार्य हो । साहित्यमा भाषाप्रयोग गर्ने पात्रहरू बालबालिका, वयस्क, वृद्ध, शिक्षित आदि वर्गका हुन्छन् । यी पात्रका जिज्ञासा, निश्चय, जोड, असहमति, सम्भावनाजस्ता मानसिक भावलाई सङ्केत गर्न स्रष्टाले निश्चयार्थक, आज्ञार्थक, सम्भावनार्थक, इच्छार्थक, प्रश्नार्थकजस्ता संरचनाको प्रयोग गर्नुका साथै विभिन्न निपात र वाक्यात्मक संरचनामा प्रयुक्त पदलाई सञ्चलन गर्ने काम पनि गरेको हुन्छ । यी प्रयोगबाट श्रोताको मन पनि सोहीअनुरूप प्रभावित हुन्छ । यसरी मानसिक भाव वा विचारका आधारमा भाषिक संरचना भिन्नभिन्न हुने भएकाले र भाषिक प्रयोगले मनस्थितिलाई प्रभावित बनाउने भएकाले भाषाप्रयोग र भाव वा विचारका आधारमा कुनै पनि साहित्यिक पाठको विश्लेषण गर्न सकिन्छ भन्ने मान्यता मनोभाषाविज्ञानको हो । भाव वा विचार भनेको साहित्यको सारतत्त्व हो । यसैले मनोभाषाविज्ञानले साहित्यका प्रमुख दुई घटक सारतत्त्व र भाषाको विश्लेषण गर्दछ । यसका लागि मनोभाषाविज्ञानका मान्यताका आधारमा तयार पारिएको ढाँचा 'उत्तेजना/विचार→ प्रतिक्रिया/भाषा... उत्तेजना/भाषा→ प्रतिक्रिया/विचार' साहित्यको विश्लेषणका लागि निकै उपयोगी हुने देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

*ऋग्वेदसंहिता भाग १–४* (सन्.१९४६), नारायण सोनटक्के (सम्पा.), पुना : वैदिक संशोधन मण्डल ।

*ऐतरेयोपनिषद्* (सन् १९६१), वासुदेव शर्मा (सम्पा.), वाराणसी : चौखम्बा विद्याभवन ।

गिरि, रामानन्द (२०६५–२०७०), *श्रीमद्भागवतमहापुराणः नेपालीमा अनुवाद, रामानन्दी टीका,* १–८ खण्ड, तनहूँ : महेश संस्कृत गुरुकुल ।

*पाणिनीय शिक्षा* (सन् १९९८), प्रमोदवर्धन कौण्डिन्यायन (सम्पा.), वाराणसी : चौखम्बा विद्याभवन ।

भिक्षु, भवानी (२०६७), 'हारजित' *सबैको नेपाली,* ठाकुर पराजुली र अरू (सम्पा.) ललितपुर : साझाप्रकाशन ।

विकल, रमेश (२०६७), 'मधुमालतीको कथा' *सबैको नेपाली,* ठाकुर पराजुली र अरू (सम्पा.) ललितपुर : साझा प्रकाशन ।

*शतपथ ब्राह्मण* (सन् २०१४), सत्यप्रकाश सरस्वती (सम्पा.), दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द ।

Bloomfield, L. (1993), *Language*, New York : Holt Rinehrt and Winston.

Bogen, JE, Bogen GM (1976), 'Wernicke's region—Where is it?'. Annals of the New York Academy of Sciences. 280 (1): 834–43.

Chomsky, Noam (1982), *some concept and consequences of the theory of Government and Binding,* Cambridge and Massachusetts : The MIT Press.

Crystal David (2003). *A Dictionary of Linguistics and Phonetics*. London : Blackwell Publishing Ltd.

Law, vivien. (2003), *The History of Linguistics in Europe From Plato to 1600***.** Londan : Cambridge University Press.

Nordquist, R. (2019), "Psycholinguistics definition and examples". Thought Co. Archived from the original on 2019-11-04.

Piaget J. (1964), Cognitive development in children : Piaget development and learning. *J Res Sci Teach.* P. 176-186. doi:10.1002/tea.3660020306.

Pike, Kenneth L. (1967), *Language in relation to a unified theory to the structure of human behavior*. (2nd Ed.) Paris : The Hague : Mouton.

Saussure, F. De. (1959), *Course in General Linguistics*. Trans. Wade Baskin. New York : The Philosophical Society. Sperber, Dan and Wilson Deirdre (1986)), *Relavance: Communication and Cognition*, Cambridge and Massachusetts: Harvard University Press.

Sperber, Dan and Wilson Deirdre (1986), *Relavance: Communication and Cognition*, Cambridge and Massachusetts: Harvard University Press.